Damak Campus Journal 2023, **11 (1): 111-122**
ISSN : 2565-4772 (Print)

# नेपालको विकासमा सन्थालको भूमिका

*उत्तमप्रसाद भट्टराई*

*सह-प्राध्यापक, अंग्रेजी विभाग*
*दमक बहुमुखी क्याम्पस*
*E-mail:uttam.dmk10@gmail.com*

## सार

पूर्वी नेपालका झापा, मोरङ्ग र सुनसरी जिल्लामा परापुर्व कालदेखि वस्दै आएका सन्थाल अत्यन्तै गरिव र अभावको जिन्दगी व्यतित गर्दै आएका छन् । सन्थालले बोल्ने भाषा सन्थाली हो र यो भाषा आग्नेय एसीयाली भाषामा पर्दछ । २०६८ सालको जनगणना अनुसार सन्थालको जनसंख्या ५१७३५ रहेको छ । कामको सिलसिलामा यिनीहरु देशका अन्य क्षेत्रमा समेत बसोवास गर्दछन् । अन्य भाषा परिवारका प्रभावमा आएर लगभग १५०० जति सन्थालले आफ्नो मातृभाषा छोडीसकेको पाइन्छ । मलेरिया र जङ्गली जनावरको आतङ्कलाई झेलेका सन्थाल जातिले नेपालको माटोमा रगत बगाएका छन् । जङ्गला मुलुकलाई कृषियोग्य बनाए । खेती किसानी गरेर देशलाइ उर्वर बनाउन महत्वपूर्ण योगदान दिएका छन् । सस्ता, भरपर्दा र इमान्दार मजदूरका रुपमा यिनको गणना हुन्छ । यिनीहरु स्वावलम्बी हुन्छन् , भिक्षा मागेर खादैनन् । आफ्नो जातिको अर्कालाई सहयोग गर्दा रमाउँछन् । विक्रमसम्बत् २० को दशकतिर सन्थाल अगुवाले सामाजिक र राजनीतिक क्षेत्रमा अतुलनीय योगदान दिएका छन् । प्रजातान्त्रिक आन्दोलन होस् या जनजीविकाका क्षेत्रमा होस यी सन्थालले भरपर्दो काम गरेका छन् । तुरसा हेम्ब्रम, मंगल सोरेन जस्ता सन्थाली अगुवाका योगदान धेरै छन् । हालको अवस्थामा आफ्नो संस्कृति, भाषा, धर्मको जगेर्ना गर्न बुद्धिलाल सोरेन, भुजूलाल टुडु, मोहन टुडु, सुन्दर वेसरा, वडाराम हेमरम, फुलकुमारी हेमरम, शिवु मुर्मू लगायतका योगदान धेरै छन् । हालको अवस्थामा सेवा क्षेत्रमा समेत सन्थाली अगाडि आएका छन् । आफ्नो भाषा, लिपी, संस्कृति जगेर्ना गर्न यी व्यक्तिसँग अन्य धेरै व्यक्ति सन्थाली युवा-युवती अगाडि आएका छन् । राज्यले दुरगामी महत्व राख्ने विषयमा यिनीहरुको अस्तित्व जोगाइ दिने प्रकारका नीति ल्याउनु वाञ्छनीय हुन्छ ।

**मुल शब्दः** नेपाल, सन्थाल, विकास, योगदान, महत्व

## विषय प्रवेश

नेपाल एउटा सानो भुपरिवेष्टित मुलुक हो । देश सानो भएतापनि यसको भौगोलिक तथा वातावरणीय विविधता पाइन्छ । साथै जनसंख्या र भाषा-भाषीका हिसाबमा समेत प्रशस्त फरकपन भेटिन्छ । २०७८ को तथ्याङ्क अनुसार देशको जनसंख्या २,९१,६४,५७८ रहेको छ । ती सम्पूर्ण मानिसहरु ४ प्रकारका भाषा परिवारका विभक्त भएको पाइन्छ । ती मध्ये एस्ट्रो एसियटिक (Austro-Asiatic) परिवार

अन्तर्गत पर्ने सन्थाल जाति झापा, मोरङ र सुनसरी जिल्लामा पाइन्छन् । वर्तमान खुला समाजको परिवेशमा सन्थालहरु देशका विभिन्न भागमा बसोवास गरी राखेका पाइन्छन् । झापा र मोरङ जिल्लामा यस जातको राम्रो उपस्थिति छ ।

भारतका झारखण्ड, विहार,पश्चिम बंगाल, उडिसामा पहिले सन्थाल बस्ति थिए । यिनीहरु मेहनती र स्वावलम्बी थिए । धनुषवाण चलाउन निपूण सन्थाल लडाकु थिए । सन १७७९ मा सन्थाली युगपुरुष तिलका माझीले बेलापानी हुकुमतका खिलाप सशस्त्र सघर्ष चलाएका थिए । माझीको नेतृत्वमा सन्थाल यूवाको ठूलो जमात तयार भयो । विस्तारवादी शक्ति हतियारयुक्त थिए भने मातृभूमिका रक्षक सन्थाली योद्धाविच घमासान लडाइ भयो । बेलायती सेनाले ठूलो क्षति बेहोरेको थियो । तर आधुनिक हतियारयुक्त अंग्रेजी सेनाको अगाडि धनुषधारी सन्थालको केही चलेन । सन्थाली युवा रक्षात्मक स्थितिमा पुगे र तिलापुर जंगलमा सीमित भए । राक्षसी स्वभाका अंग्रेजी सेनाले पुरै जंगल घेराउ गरे र एक एक गरेर सन्थाली योद्धा ढाल्दै गए । अन्ततः तिलापुर जंगलमा भूमिगत अवस्थामा रहेका तीलका माझी गिरफ्तारमा परे । उनलाई हार स्वीकार गर्न भनियो तर उनले बेलायती सर्त मान्न अस्विकार गरे । उनका दुवै हात अगाडी बाँधियो र घोडाको पछि उभ्याएर घोडा दौडाइयो ।

भागलपुरसम्म घोडाले घिसारेको हुँदा तिलका माझीको शरीर क्षतविक्षत भएको थियो । उनी बेहोस थिए तर प्राण गएको थिएन । अतः उनलाई भागलपुर कलेक्टर कार्यालयको अगाडी वनयानको रुपमा झुण्ड्याइयो । यसरी सन्थाल स्वतन्त्रताकालागि उनी सहिद भए । सयौं सन्थाली मारिए । यो आन्दोलन दबाइयो । त्यस बखतको सन्थाली पुसता मानिसक रुपमा पराजित भए । साना तिना विद्रोह भएपनि सन्थालीको ठूलो ज्वारभाटा उठ्न सकेन । भुसको आगो भित्रभित्रै सल्कदै गएको थियो । जल, जंगल जमिनलाई प्राणभन्दा प्यारो ठान्ने सन्थाल एक तर्फ उभिएका थिए भने अर्को जंगललाई फडानी गरेर वस्ति बसाउने र राजस्व उठाउने कुत्सीत मनसाय बोकेका अंग्रेजी शासक अर्कोथर्फ उभिएका थिए । अंग्रेजी शासकको मूल उद्देश्य आदिवासीलाई आफ्नो नेतृत्वमा ल्याउनु थियो । तर सन्थाली अगुवा यो पक्षमा थिएनन् । असन्तुष्टि बढ्दै गएको अवस्थामा सन्थाली चारभाइ सिदो (Sido) र कान्हु (Kanhu) , चाँद (chand) र भैरव (Bhairab) संगठित भएर बेलायती शासन विरुद्ध उत्रिन पुगे । बेलायती प्रशासक र उनका भारतीय एजेन्ट विरुद्ध हिंसात्मक लडाईले विपक्षी पराजीत देखिए । हतियारयुक्त अंग्रेजी सेना पछि हट्यो । सन्थाली विरुद्ध उभिएका धेरै स्वदेशी दलाल मारिए । सन् १९५५ को सन्थाली हतियारबन्द हिंसात्मक आन्दोलनको प्रथम चरणमा बेलायती लखेटिए । सन्थाली स्वसासित क्षेत्र घोषणा भयो । बेलायती प्रशासक पुनः आक्रममा आए । आधुनिक हतियारयुक्त अंग्रेजी सेनाका अगाडी गाउँले हतियारले सुसज्जित स्थानीय सन्थालको केही चलेन । २०सौ हजार सन्थाली सेना मारिए । चारै अगुवा समेत समातिए । अंग्रेजी हुकुमत स्वीर्कान अस्विकार गरेको हुँदा सन्थाली आन्दोलन तुहियो । सन्थालीका लडाकु निडर, स्वाभिमानी स्वभावले वेलायती तर्सिए र सन्थाली सहादत्त खेर गएन । माग बमोजिम अंगेजी सरकार परगन्ना टेनान्सी एकट ल्याउन वाध्य भयो ।

सन्थाल क्षेत्र घोषणा भयो जाँहाबाट प्रहरी प्रशासन हटाएर सन्थाल क्षेत्रमा परगन्ना प्रमुख रवस्तिमा गाउँ प्रमुख (माझीही) व्यवस्था भयो । सन्थाली क्रान्ति र त्यसको परिणाम पश्चात सन्थाली अगुवा प्रायजसो शान्त देखिए । अंग्रेजी शासन झनझन कसिलो बन्दै गयो । अन्य क्षेत्रका राजा रजौटा सबै अंग्रेजी प्रशासकलाई कर बुझाउँदै जान थाले ।

सन्थालीको बहादुरी लडाई स्थानीय अंग्रेजी प्रशासकले भूल्न सकेका थिएनन् । तसर्थ तेस्रो आन्दोलन उठ्न नदिन अनेक षडयन्त्र गर्न थाले । सन्थाल विरुद्ध साम, दाम, दण्ड र भेदको नीति, अङ्गीकार भयो । बेलायती मन्त्र "**फुटाउ र शासन गर**" सन्थाली माथि लागु भयो । २० औं हजार सन्थाल मरि सकेका थिए । स्थानीय प्रशासकले केही सन्थाललाई आफ्नो पक्षमा पारी सन्थाल स्थानान्तरणको मुद्दा अगाडी ल्याए । बेलायती उपनिवेसका अन्य देशका सन्थालहरुलाई पठाउन थालियो । गरिबीमा गुजारा चलाएका केही युवालाई आकर्षण रोजगारको प्रलोभन देखाएर  लगियो भने कतिलाई जवरजस्ती विदेश पठाइयो र सस्ता मजदुरका रुपमा अन्यत्र काम लगाइयो । सोहीक्रममा ८ फेब्रुवरी १८८१ मा ३० परिवारका १०० जति सन्थालीलाई आसामका गौनपार जिल्लाका चिया बगानमा पठाइयो । उत्तर बंगालका कोक्राझार आदि क्षेत्रका चिया बगानमा काम लगाइएको थियो  (दास २०१५) । सन्थाल परगनाबाट सन्थाललाई विस्थापितको क्रम चलिरहेको थियो । यसै शिलशिलामा नेपालका राणा शासकले तराईका झापा, मोरङका जंगल फडानी गर्दै वस्ती बसाउन प्रारम्भ गरे । सस्ता मजदुर चाहिएको थियो । पाहाडबाट युवा झारिए । मलेरियाको प्रकोपले सयौं व्यक्तिले अकालमा ज्यान गुमाए । जङ्गली जनावार, सर्पको त्यतिकै त्रास थियो । यस्तो अवस्थामा राणा शासकका आँखा भारततर्फ सोझिए र त्यताका राजसँग छलफल थालियो । अन्ततः दुम्मका जिल्लाबाट केही सन्थाल झिकाइए र झापा र मोरङका भित्र जङ्गलमा बसाइयो । सन्थालीहरु सजीवनका पत्ताहरुका सब्जी खाने र जङ्गलका कन्दमूल र जङ्गली जनावर खाने हुँदा शरीर मजवुत थिए । रोगव्याधसँग लड्ने आन्तरिक शक्ति हुँदा सन्थालले तराइका जंगलमा रमाउन पुगे (माननीय उमाकान्त गौतमसँगको वार्ता तथापि सन्थालले समेत प्राकृतिक विपत्ति बेहोरेका  थिए । यसरी सन्थाल नेपालमा प्रवेश गरेका हुन् । एकातर्फ प्रशासनले जवरजस्ति अन्य देशमा स्थानान्तरण गर्ने अवस्थामा नेपालबाट भएको आमन्त्रणले उनीहरु यता आकर्षित देखिए । सन्थालको नेपालमा प्रवेश हुने यो एउटा कारण हो भने अन्य प्रमाण केलाउनु समेत सान्दर्भिक हुनेछ ।

## समस्या कथन

सन्थाली झापा, मोरङ र सुनसरी जिल्लामा परापूर्वकालदेखि बसोवास गर्दै आएका अल्पसंख्यक, अविकसित जाति हुन् । जङ्गली जनावर र मलेरियासँग लड्दै भिड्दै आएका सन्थाली धर्ती पुत्र हुन् । यस क्षेत्रको माटोमा यस जातिका पूर्खाका रगत बगेको छ । जङ्गलाई कृषि  योग्य र बसोवास योग्य बनाएको तथ्य बिर्सन सकिदैन । विकट क्षेत्रमा पूल, पैनी,सडक निर्माण गरेका छ । स्कूल, खेल मैदान, हाट-बजार बनाउन अहोरात्र लागि परेको पाइन्छ । प्रजातन्त्र पुर्नस्थापनामा यस जातिका अगुवाले खेलेको भूमिकाले उचित स्थान पाएको पाइदैन । थोरै मात्र अध्ययन, अनुसन्धान भएका छन् । अतः प्रस्तुत लेखमा सन्थाली अगुवाले सामाजिक, शैक्षिक, राजनीतिक क्षेत्रम खेलेको सकरात्मक भूमिका उल्लेख गरी यस जातिका हृदयमा सकरात्मक भावनाको विकास गराउनु हो ।

## उद्देश्य

प्रस्तुत लेख निम्न उद्देश्यहरुमा केन्द्रित रहने छ :

क) सन्थाली अगुवाको सामाजिक, राजनीतिक र सेवाक्षेत्रको योगदानलाई प्रस्टयाउनु,

ख) सन्थाल जातिभित्र सकारात्मम भावनाको विकास गराउनु,

## अध्ययनको महत्व

वर्तमान नेपालको सामाजिक, आर्थिक, राजनीतिक एवम् सांस्कृतिक विकासमा सन्थालको महत्वपूर्ण भूमिका छ । मलेरियाले भरिएको समाज पुरै अशिक्षित थियो । केही ठुलाबढाका सन्तानले विदेशमा अध्ययन सम्पन्न गरी नेपाल फर्किएका थिए । झापा, मोरङ र सुनसरीका भित्र भागमा औपचारिक शिक्षा हासिल गरेका व्यक्ति भेटन दुर्लव थियो । मानव वस्ती कम थियो । हिंस्रक जङ्गली जनावरको त्रास त्यतिकै डरलाग्दो थियो । त्यस्तो भयानक अवस्था पारगरेर आजसम्म आइपुगेको सन्थाली समाजका बारेको प्रस्तुत लेखले समाजमा सकारात्मक सोचको विकसा गराउने छ । सन्थालका पुर्खाले यस धर्तीमा बगाएको पसिनाको थोरै भएपनि दस्तावेजीकरण हुने हुँदा प्रस्तुत लेखकको दुरगामी महत्व रहने छ ।

## अध्ययन विधि (Research Methodology)

प्रस्तुत अध्ययनमा प्राथमिक र द्वितीय स्रोतको प्रयोग गरिएको छ । प्रथामिक स्रोतअन्तर्गत तथ्याङक संकलन गर्न अनुसन्धानकर्ता स्वयम् सन्थाली वस्ती पुगेका थिए । त्यहाँ माझी अडामसँग सम्पर्क गरी त्यहाँ जानुको उद्देश्य प्रस्ट पारिएको थियो । सन्थालीका योगदानको चर्चा गर्न र दस्तावेजीकरण गर्न सन्थाल वस्तीमा आएको तथ्यले सन्थाल खुशी देखिएका थिए ।

द्वितीय स्रोतका रुपमा विभिन्न लेख रचना अध्ययन गरिएको थियो । माझी हडाम् र स्थानीय व्यक्तिसँग सोधपुछ गरी नेपालको विकासमा योगदान दिने सन्थाली मित्रहरुको नानमावली संकलन गरिएको थियो । उपलब्ध गरिएका विवरणलाई विश्वसनीय र वैध बनाउन हरसम्भव कोसिस गरिएको छ । गुणात्मक विधि अन्तर्गत व्याख्यात्मक तरिका अपनाएर तथ्याङ्कलाई संकलन र विश्लेषण गरिएको छ । प्रस्तुत लेख सम्पन्न गर्न उद्देश्यमूलक नमूना छनोट विधि प्रयो गरिएको छ ।

## अध्ययनको सीमा

अल्पसंख्यक र अविकसित सन्थाल जातिले यस समाजमा गरेको योगदान आफैमा एक वृहत् विषय हो । अध्ययनको क्षेत्र व्यापक र विस्तृत छ कारण सन्थाल झापा, मोरङ, सुनसरी जिल्लामा परापूर्वक कालदेखि बस्दै आएका र हाल देशका धेरै क्षेत्रमा सन्थाल पुगेका पाइन्छन । सबै सन्थाल वस्तीमा पुग्न सम्भव भएपनि केही सन्थाल अगुवासँग छलफल गरिएको थियो । सन्थालका विषयमा विभिन्न व्यक्तिका मतहरु पनि फरक प्रकृतिका रहेका छन् । अतः विभिन्न समयमा उपलब्ध सन्थाल अगुवाका भनाई र अनुसन्धानकर्ता स्वयम्ले सन्थालसँग छलफल गरी प्रस्तुत लेख तयार गरिएको हो । त्यसर्थ सबै सन्थालका योगदान नसमेटिएका पनि हुन सक्छन् ।

## तराईको विकासमा सन्थालीको योगदान र भूमिका

नेपालका सन्थालीको आगमनका विभिन्न अध्ययनले आफ्नै ढंगका व्याख्या भएपनि सन्थाल नेपालका नागरिक हुन् । विभिन्न समस्या वेहोरेर आजसम्म आइपुग्दा सन्थालले नेपालको माटेमा धेरै योगदान गरेको पाइन्छ । जसलाई निम्नानुसारमा विश्लेषण गरिएको छ ।

### कृषि क्षेत्रमा योगदान

झापा र मोरङ जिल्लाका धेरै क्षेत्र वन जङ्गलले ढाकेका थिए । राणा शासकका आँखामा परेका जंगल लोभलाग्दा थिए । सखुवाका ठुलठूला रुख थिए जसको मूल्य भारतमा आकर्षक थियो । अंग्रेजलाई

रेलका लिग र ठूलठूला भवन बनाउन मजवुत काठको आवश्यकता थियो । भारतका आदीवासी क्षेत्रका जङ्गल चलाउन त्यति सहज थिएन । साथै नेपालका तराईमा बस्ति बसाउनु थियो । यी सबै कारणले गर्दा राणा प्रशासक कोशी पूर्वका जंगल फडानी गर्न चाहान्थे । वस्ति बसाई राजस्व उठाउने अर्को लक्ष थियो । तसर्थ सरकारले जङ्गल फडानी र काठ निकासी गर्न स्वीकृति दियो । भारतीय ठेकेदार नेपाल भित्रिए । उनैबाट मजदुर समेत लिएर आए भने अन्य मजदुर राणा प्रधानमन्त्री चन्द्र समसेरले दुम्काबाट झिकाए । ती झिकाएका मजदूर मध्ये केही सन्थाली थिए र आफैले फडानी गरेको स्थानतिर किलो थलो बनाए । कोही सन्थाल दुम्का जिल्ला र कोही सन्थाल साहिवगन्ज जिल्लाबाट नेपाल आएका हुन् (मुन्सी ।

तराईमा मौजा प्रथा थियो । स्थानीय राजवंशी, ताजपुरीया गनगाइका ठूलठूला गाउँ थिए । जग्गा जमिन हुँदा कृषि उपज राम्रो थियो तर मजदुरको अभाव थियो । त्यस्तो अवस्थामा आफ्ना छेउछाउमा रहेका सन्थाललाई उनीहरु मजदुरीमा लगाउँथे । कति सन्थालले अधिया, ठेक्का समेत गर्दथे । सन्थालीहरु ज्यादै इमान्दार थिए । चोरी, चकारी र ठगीकार्यमा कहिल्यै संलग्न भएनन् । सन्थाली मजदुरमा सबैको भरोसा थियो । आफ्ना गच्छे अनुसार सबै सन्तुष्ट थिए ।

मोरङको राजघाट, इटहरा, गोविन्दपुर र झापाको हल्दीबारी, कोरोबारी, वैगुन्धुरा, तोपगाछी, शिवगञ्ज, धरमपुर, गौरीगंज, धाइजन, झापाका धेरे क्षेत्रमा सन्थालहरुका स्वामित्वका धेरै जग्गा जमिन थिए । मेहनती हुँदा प्रशस्त उब्जनी उत्पादन गर्दथे ।

२००७ सालको क्रान्ति पछि नयाँ परिवेश सृजना भयो । राजा त्रिभुवनले बचे कुखेका जङ्गल फडानी गर्न अनुमति दिए । निजी जङ्गलका रुपमा ठूलाठूला जङ्गल राणा र राजाका परिवारका नाममा थिए । त्यस्ता जङ्गलबाट उनीहरु मनग्गे आमदानी गर्दथे । पछि यी जङ्गल पनि भारतीयका आँखाबाट ओझेल हुन सकेनन् । सन् १९५० को शान्ति तथा मैत्री सन्धि लादेका विस्तारवादी नेहरुले यस क्षेत्रका जङ्गलमा आँखा लगाए । जङ्गल फडानी गर्न र वस्ति बसाई राजस्व उठाउन विभिनन व्यक्ति खटाइए । दोहोरो लाभ राजपरिवारले लि पहिलो मजबुत सखुवा भारत निकासीको रकम थियो भने दोस्रो वस्ति बसाएर डिट्ठा, विचारी, पटवारी, जीमदारीलाई राजस्व उठाउने जिम्मा दिएको पाइन्छ । यी पदधारी वहिदार धेरै शक्तिशाली थिए गाउँ घरमा। यी जग्गाको कुत उठाउने तर रसिदको व्यवस्था थिएन । यसरी राजारानीका आसे पासे, स्थानीय एजेन्ट गरिब नेपाली लुटेको तथ्य जाहेर छ । आफ्नो देह छोडी परलोक भएका त्यस्ता स्थायनी एजेन्टका नाम जो पवित्र लेखमा उल्लेख गर्न मनासिव लागेन । त्यस्ता दलाले गरिव मजदुर लुटे । ती दलालका आदेशमा गरिब सन्थालका झुप्रा भत्काएको गौरादह-३ जाम्बाडीमा यो लेखकले आफै देखेको छ । अन्य धेरै क्षेत्रका सन्थालका जग्गा जमिन शोषक, सामन्तले हडपेको समेत सुनिएको छ । यसरी ती दलाल शेषकका फटाहाले पछौटे, अशिक्षित समाजमा सन्थाललाई लुटे र त्यसको परिणाम अहिलेका व्यक्तिले भोग्नु परेको छ ।

यसरी आफूले फडानी गरेको जमिन आफ्नै अगाडी जवरजस्ती अर्काले भोगेको अवस्था पार गरेर वर्तमान अवस्थामा सन्थाली आइपुगेका छन् , अहिलेदेखि इमान्दार मजदुर कृषि मजदुर (विशेष गरी धान र जुट) का रुपमा कार्यगर्ने सन्थाल हाल भने अन्य पेशा व्यवसायतर्फ आर्कषित भएको पाइन्छ । चिया मजदुर, निर्माण मजदुरका संगठित रुपमा सन्थाल भेटिन्छन् भने व्यापारका समेत केही सन्थाल लागि परेका छन् ।

## सामाजिक क्षेत्रमा योगदान

पढेलेखेका प्रारम्भिक अवस्थामा सन्थालका जाति कृषि क्षेत्रमा संलग्न थिए । अतिरिक्त समयमा सिकारका रमाउने । नदी खोला, ताल, पैनी, नाला, दहमा माछा मार्दथे । त्यस समयमा ग्रामीण क्षेत्रमा स्कूल खोलिएका थिएनन् । तसर्थ अन्य साह यिनीहरु अशिक्षित थिए । अनौपचारिक शिक्षाबाट समेत

बञ्चित थिए । बसाई सराईको क्रममा नेपालको पूर्वी तराइमा आइपुगेको हुँदा पुस्तादेखि धेरै टाढा थिए । अन्य जात धर्मसँग खास घुलमिल नगर्ने चलन थियो । त्यसो हुँदा बहुसख्यक सन्थाल अशिक्षित थिए । यस्तो भयावह अवस्थामा पनि केही सन्थाल अगुवाले समाजमा राम्रो र प्रगतिशील भुमिका निर्वाह गरेको पाइन्छ । त्यस्ता समाजसेवी सन्थाल अगुवाको छोटो विवरण प्रस्तुत गर्दछु ।

## लखन सोरेन सन्थाल

लखन सोरेनको जन्म राणा शासनका समयमा भएको थियो । समाज अशिक्षित हुँदा जन्म समयको कुनै प्रमाण भेटिदैन । उर्लाबारी -८ राजघाटका अगुवाका अनुसार समाजमा केही गरौं भन्ने भावनाका लखन बाटो निर्माण, बाँध, पैनी, कुलो निर्माणमा सक्रिय थिए । राजघाट जङ्गलले भरिएको थियो । दुर्गापुरी बजार उत्तर र पूर्वी क्षेत्रका धिमाल जाति थिए । त्यहाँ करमान धिमालको ठूलो हलचल थियो । राजघाटका लखन सोरेन र दुर्गापुरीका कहरमान धिमाल गाउँका साझा व्यक्ति थिए त्यसकारण पंचायती व्यवस्थाको प्रारम्भिक चरण २०१७ साल पछि कहरमान राजघाट पंचायतको प्रधानपञ्च मनोनित भए भने लखन सोरेन उपप्रधान पञ्चमा मनोनित  भए । यस मनोनितले के प्रष्ट पार्छ भने लखन एक शिक्षित, सामाजिक व्यक्ति थिए । तत्कालीन जिम्दार, मौजावालहरुका पत्यारिला थिए । उनका नातेदार भारतवर्षमा राम्रै पदमका रहेका थिए । अतः उनीहरुको सकरात्मक प्रभाव लखनमा परेको बुद्धिलाल सोरेन बताउछन् । बुद्धिलालकी आमाका अनुसार लखन सन्थाली गाउँको माझीहराम (गाउँ मुखिया) थिए । उनीसँग प्रशस्त जग्गा जमिन रहेछ । आफ्ना अधियार सहयोगी आफ्नै थर गोत्रका राखी उनीहरुको दुःखमा सकेसम्म सहयोग गर्दा रहेछन् । गाउँ घरमा यिनीहरुमा धान काट्ने चलन परम्परागत हो । अहिले पनि यो चलन विद्यमान नै छ । दिनीमा धान काट्दा २३ मन धानमा २० मन धान जग्गा साहुलाई बुझाएर रहेको ३ मन धान काट्ने, माड्ने र धान थन्काइदिने व्यक्तिले लग्छन् । यस प्रथालाई दिनी प्रथा भनिन्छ । दररेटको कुरा गर्दा ३ मनका दरले भनिन्छ । कतै कतै ४ मनको दर पनि चलनमा छ । धान भकारीमा थन्क्याइ वा काँटामा पठाइसकेपछि दिनीमा धान काट्ने व्यक्तिको कर्तव्य सकिन्छ । त्यहाँ उसको कुनै बन्धन हुँदैन । तर सन्थाल वस्तिमा अनौठो प्रथा रहेछ । धान भकारीमा राखिदिएपछि पनि काट्ने व्यक्ति मुक्त हुदैनन् । स्व. डम्बर हास्दाका अनुसार साहुको घरमा वर्षभरी धान ढिकीमा कुटीदिनु पर्ने अनौठो चलन छ । भकारीबाट धान निकालेर सुकाई दिनु पर्ने र साँझपख ढिकी कुटेर, निफनेर साहुको घरमा भित्रयाई दिनुपर्ने चलन रहेको पाइन्छ । त्यसो हुँदा जग्गावाला सन्थाली आफ्नालाई धान काट्न दिँदा रहेछन् ताकि वर्षभरी ढिकी जाँतो गरिदिउन भनेर । यो प्रथाको विरुद्धमा लाखन आवाज मात्र उठाएनन् आफ्ना सहयोगीलाई धान थन्क्याइ सकेपछि कुटानी , पिसानी प्रथाबाट मुक्त गरिदिएछन् । त्यसो हुँदा आफ्ना समुदायमा उनी प्रसिद्ध र गाउँकै अगुवा रहेछन् । धिमाल समुदायका गरिब, दुःखीका पक्षमा समेत लखन कुर्लेर बोल्ने चलन रहेछ ।

त्यस समयमा गाउँ समाजमा त्यति भए पुगी हाल्थ्यो । अतः उनको उपप्रधान पञ्चको जिम्मेवारी राम्ररी निर्वाह गरेको पाइन्छ । कहरमान धिमालको समयमा भएका विशिष्ट कार्यलाई उल्लेख गर्छन- प्रत्येक वडामा वडा समिति गठन, धरमभकारीको व्यवस्था, जंगल फडानी र बस्ति विस्तार कार्य भए भने बजेटको यकिन विवरण थाहा हुन सकेन । यी प्रगतिशील कार्यमा अवश्य पनि लखन सोरेनको साथ रहनु पर्दछ । लखनसोरेनको सामाजिक कार्यको फल राजघाट क्षेत्रका सन्थालले पाएको र भराडबुरुले लखनका सन्तानलाई धेरै आशीर्वाद दिएका छौं सोही टोलका विरेन्द्र सन्थाल बताउछन् (राजघाट गा.वि.स., बुलेटिन २०६६) ।

## बुद्धिलाल सोरेन

सोरेनको जन्म २०२४ सालमा तत्कालीन राजघाट गा.वि.स. वडा नं. .. हाल उर्लाबारी न.पा. वडा नं ८ राजघाटमा भएको थियो । सोरेनको ३ छोरा मध्ये जेठा बुद्धिलाल सानै उमेरदेखि असल चरित्र बोकेको र अहिले पनि सामाजिक कार्यमा सर्मपित भएको गाउँका भद्र भलाद्मीहरु बताउँछन् । औपचारिक शिक्षा हासिल गरेका सोरेनले सन्थाली लिपी “ओल सिकी” को राम्रो अध्ययन गरेका छन् । सन्थाली युवालाई कुलतमा फस्न नदिन उनी खबरदारी गरिरहेका छन् । आफ्ना हजुरबुबाले जोडेको जग्गामा माझी थान स्थापना गरेका छन् । उर्लाबारी न.पा.को आर्थिक सहयोग र सन्थालीबाट मुष्ठिदान उठाएर २ तले उक्त थान निर्माण गरका छन् जुन भव्य देखिन्छ । उक्त भवनमा सन्थालका देवता र देवीका प्रतिमा स्थापना गरेका छन् । प्रत्येक आइतवार त्यहाँ सन्थाली भेला हुन्छ । पवित्र भएर त्यहाँ पूजा र आरधना हुन्छ । भवनका दुईवटा ठूला हलमा विविध कार्यक्रम जस्तै सन्थाली युवा युवतीलाई संस्कारयुक्त हुन तालिम, अन्धविश्वास र कुरीति हटाउनु पर्ने भावनाको विकास गराउँदै छन् । उनले उर्लाबारी, इटहरा, गोविन्दपुर क्षेत्रमा सन्थाललाई मूल धारमा ल्याएका छन् । बुद्धिलाल तीनै उद्देश्यकासाथ अगाडी बढेका छन्

क) सन्थाललाई शिक्षा दिई आफ्नै खुट्टामा उभिने बनाउनु ,

ख) सन्थाल समुदायमा विद्यमान कुरीति जस्तै बोक्सी प्रथा हटाउनु ,

ग) रक्सी र कुलतबाट आफ्नो समुदायलाई मुक्त गराउनु ,

आमा भइसकेकी आफ्नी बुहारी सुनितालाई कक्षा १२ सम्म पढाएका बुद्धिलाल उनको मिसनमा सफल भएको सबै गाउँले हेर्न चाहान्छन् ।

सामाजिक क्षेत्रमा गरेको योगदानको अर्को पाटो केलाउनु जरुरी छ । सन्थाली समाज ज्यादै अनुशाति र संगठित हुन्छ । प्रत्येक गाउँमा एउटा संरचना हुन्छ । त्यस सामाजिक संरचनाको आफ्नै परम्परागत नियम हुन्छ । सामाजिक संरचनाका बारे a Portal for Santals : Religion and social system  मात्र निम्न ढाँचा भरिन्छ ।

माझी (Village headman), जगमाझी (Deputy Village Headman),परानिक (Assistant to Village Headman), गुडित( Secretary to village Headman),जोग परानिक (Deputy Paranik) , नायकी (Head Village Priest),कुदम नायकी (Assistant to village Priest) यो सामाजिक ढाँचा परम्परागत ढाँचा हो यसलाई हालको भारतवर्षमा यस्तो भेटिन्छ माझी, परानीक, जोग परानीक, गोडित, नाइकी, यसरी पाँच सदस्य सन्थाल गाउँ प्रशासक हुन्छ । प्रमुख र अन्य पदीय चुनाव माथि सर्वसम्मत रुपमा हुन्छ । गाउँ भेलामा सर्वसम्मत रुपमा उक्त प्रशासनिक संरचनाको चयन हुन्छ ।

## मुर्मुले नेपाली समाजमा सन्थाली प्रशासनका सात तह उल्लेख गरेका छन्-

माज्ही हडाम, जग्माज्यही, पारानिक, नायके, गडते, कुडाम नायके,जग्पारनिक यसरी नेपाली समाजभित्र सन्थाली सामाजिक ढाँचाको छुट्टै अस्तित्व रहेको पाइन्छ । सन्थाली सामाजिक प्रथालाई माज्ही हडाम प्रथा भन्दछन् । यसको काम आफ्नो समाजमा शान्ति सुव्यवस्था कायम राख्नु, धर्म संस्कृतिको प्रवर्द्धन र निरन्तरता दिन समाजभित्रको झैझगडालाई एक आपसमा मिलाउनु मुख्य हो । सबै विषयमा गम्भिर ढंगले छलफल हुन्छ र अन्त्यमा माज्ही हडामको फैसला सर्वोपरि ठहर्छ । त्यस विरुद्ध कसैले आवाज उठान नपाउने व्यवस्था छ । जस्तोसुकै जटिल मुद्दा पनि समाजभन्दा बहिर नजाने र कहिँ कतै पनि

सन्थालहरु आफ्ना समुदाय विरुद्ध प्रहरी, प्रशासनमा गएको पाइदैन भनी कमल गा.पा. अध्यक्ष हुकुमसिंह राई बताउनु हुन्छ । अन्याय महशुस भए मुर्मुरिदै पीडित रक्सी पिउँछ तर हो हल्ला गर्दै हिडेको पाइँदैन । यसलाई अन्यथा भन्न मिल्दैन गाउँको कुरो गाउँमा मिलापत्र गर्नु, फेरी त्यस विषयमा नकोट्याउन  र शान्त रहनु असल पक्ष हो । सन्थाली समाजमा दीर्घकालिनरुपमा कसैलाई अन्याय पर्दैन । मुद्धा मिलेपछि एक आपसमा खुशी साटासाट हुन्छ । हल्का भोज हुन्छ ।

## सांस्कृतिक क्षेत्रमा योगदान

सन्थाल **“सरना”** धर्म मान्दछन् **“सारना”** अन्तर्गत विविध सांस्कृतिक कार्य गर्दछन् । वाहा पर्व, सोहराई पर्व, जान्थाड पर्व, एरो पर्व पुरा उत्साहका साथ मनाउछन् । वर्तमान नेपालमा यी पर्व मनाउन निकै कठिन भएपनि वडो सुन्दर तरिकाले मनाएको पाइन्छ । रोजी, रोटी, दिनी, मजदुरी गरेर ल्याएको थोरै पैसाले बडो सन्चीत गरी सांस्कृतिक जोगाएको पाइन्छ । घरमा आएको अतिथिलाई गच्छे अनुसार सत्कार गर्छन् ।

सन्थाल अत्यन्तै अनुशासित जात हो । आफ्नो पेशामा अथक परिश्रमपूर्वक लागि पर्छन् । आफ्नो दैनिक कार्य नियमित गर्छन् । साँझको खाना पश्चात सांस्कृतिक कार्यमा जुटेको पाइन्छ । परम्परादेखि बजाइएका बाजाहहरु आ-आफ्नै ढङ्गले बजाएको पाइन्छ । बाजाहरुमा तिरियो (मुरली) प्रमुख एवं आकर्षक बाजा हो । तिरियोमा सातवटा प्वाल हुन्छन् । यसलाई प्रेमको प्रतिकको बाजा भनिन्छ । सन्थाल यूवाले यो बाजा लयबद्ध बजाएर युवतिको मन जित्छन् भनिन्छ ।

यस्तै अर्को महत्वपूर्ण सन्थाली बजा “तामक” (मादल) हो । तिरियो र तुमदाक बजेको सन्थालीमा सुनिन्छ । यी दुवै बाजा लिएिर हिड्न सजिलो र आफ्नै लयमा बजाउन मिल्ने हुँदा सबै जात धर्ममा महत्वपूर्ण मानिन्छन् । तथापी सन्थाली वस्तिका यी दुई बाजाको बेग्लै पहिचान   भेटिन्छ । धोद्रो बनाम, फेत वनाम, तामाक, जुनको आदि बाजाहरु विभिन्न अवसरमा बजाइन्छ । यी सबै मनोरञ्जनात्मक साधनको तयारी भित्रभित्रै गर्छन । दशरा (दशैं) को अवसरमा आयोजित दशैं मेलामा यी सबै बाजाहरुको भरपुर उपयोग गरिन्छ ।

झापा जिल्लामा दशैंका अवसरमा विभिन्न मेलाको आयोजना हुन्छ । मेलामा छिमेकका गाउँ, वस्तिबाट प्रशस्त मानिस आउछन् । मिठाईको विविध पकवान उपलब्ध हुन्छन् । सबैभन्दा धेरै जेरी (जुलव) खरिद विक्री हुन्छ । मेलमा धेरै आनन्द लिन्छन् । सन्थाल नेतृत्वले मेलाका रोसनीको काम गर्छ । पहिले पहिले सन्थाल वस्तिमा १५-२० घर हुन्थे र प्रत्येक वस्तिले एउटा समूह बनाई नाचगानमा सहभागी हुन्थे । पुरुषहरु आर्कषक भेषभूषामा बजार जाने भएपनि नाचगानका समूहमा संगठित भएका व्यक्ति औपचारिक ड्रेसमा हुन्छन् । पहिले आफ्नै पाराका भेष भए पनि हाल एउटा समूहको एउटै प्रकारको युनिफर्म भेटिन्छ । आजकल समूहको नाम समेत प्रिन्ट भएका ड्रेस लगाएर समूह नाचमा भाग लिन्छन् । यो नाचको बारे भट्टराई लेख्छन्-

यो परम्परागत नाच जोगाउन सन्थाल अगुवाले विभिन्न समस्या भोगेको बताउछन् - उनका अनुसार सर्वप्रथम युवा कामको खोजीमा अन्यत्र जान्छन् र कार्यक्षेत्रमा रहने हुँदा अन्य धर्म, र सांस्कृतिक समूहसँग घूलमिल हुन्छन् । यो नयाँ संस्कार राम्रो भएपनि उनीहरुको सन्थाली समाजसँगको दुरी क्रमशः कमजोरी हुँदै गएको छ । सन्थाल संस्कृति औपचारिक मात्र गर्न थालेका छन् । पहिले अर्थात् विसको

दशकमा सन्थालका धेरै मोहीपानी हक भएको यो लेखकले स्वयं देखेको छ । त्यस अवस्था बस्ति एकीकृत थिए । सांस्कृतिक कार्य सहजताका साथ हुन्थ्यो । त्यस अवस्थामा राज्यसँग कसैको पनि अपेक्षा हुदैनथ्यो ।

हालको खुला एवं बहुलवादी समाजमा व्यक्ति एवं समाजले धेरै क्षेत्रका प्रतिस्पर्धा गर्नु पर्दछ । आर्थिक उपार्जन स्रोतमा गाउँले समाजको पहुँच कम छ । विपन्न आदीवासी जनजाति भन्दा पनि अझ कमजोर अवस्थामा रहेका सन्थालले आफ्ना सांस्कृतिक पर्वहरु खुम्च्याउँदै लगेका थिए । दशैं मेलामा संलग्न सन्थाल नाचले सबैलाई मनोरञ्जन दिन्छ । मेलाको प्रमुख आकर्षक पनि सन्थाल नाच हो । तर दिन भर नाचेर घर फर्किए पछिको आर्थिक तङ्गील सन्थाल दिक्क भएको पाइन्छ र कमजोर आर्थिक स्थिति हुँदा सन्थाली बाजा लगायतका सामग्री तयार गर्न चुनौती थियो। विस्तारै विस्तारै दशैं नाच लोपोन्मुख अवस्थामा पुग्न लागेको छ । अहिले आएर स्थानीय सरकार र केही सामाजिक संस्थाहरु सहयोगका साना हात फैलाएका छन् । तर संगठित सन्थाल न्याएका तुलनामा त्यस्ता सहयोग नगण्य भएको सन्थाल अगुवा बताउछन् ।

सन्थालले दशैं मेलामा प्रदर्शन गर्ने नृत्यले एकातर्फ मेलावारीलाई मनोरञ्जन दिन्छन् भने अर्कोतर्फ यस देशको राष्ट्रियता मजबुत पार्ने कार्यमा समेत जुटेको पाइन्छ । आजकल प्रत्येक क्षेत्रबाट मेला टोली आउँछ । १०-१५ कि.मि.सम्म हिँडेर मेला टोली मेला स्थल पुग्दछ । सर्वप्रथम टोलीको व्यानर बोकेर दुईजना अगाडि हिड्छन् । त्यसपछि सूर्य चन्द्र अंकित राष्ट्रिय झण्डा बोकेको एक युवा हुन्छ । नाचटोलीका सिरमा फेटा वा टोपी हुन्छ ती फेटामा राष्ट्रिय झण्डाका साना रुप फहराएको हुन्छ । त्यस्तो अद्‌भूत दृष्य विरलै देख्न पाइने हाम्रो समाजका सन्थालका सिरमा फहराएको राष्ट्रिय झण्डाले सबैको मन मस्तिष्क जितेको हुन्छ । हिजो मलेरिया, जंगली जनावर र सर्पआदि डरलाग्दा समस्याले पिरोलिएका सन्थाल आज देशको सान राष्ट्रिय झण्डा राखेर भने देशको मान बढाएका यस जातजतिप्रति सबैको सम्मान रहोस् यही चाहना राख्छन् सन्थाल अगुवा ।

## गाउँघरमा मनाइने दशैं नाच

हाम्रो समाजमा दशै पर्वलाई महान चाडको रुपमा मनाइन्छ । यसलाई नयाँ कपडा लगाएर मिठो खानाको स्वाद लिने र ठूला बढाको आशीर्वादा लिने चाडका रुपमा मनाइन्छ । यस चाडमा सन्थाल समुदाय दशैंनाच घर घरमा घुमाउँछन् सन्थालले । सन्थालले मनाउने दशैं नाचका बारे भट्टराई (   ) लेख्छन् ।

यसरी दशै मेलामा मनोरञ्जन दिने संगठनात्मक परिचय दिने कार्यका साथै नाच टोलीका सदस्यको सिरमा फहराईएका राष्ट्रिय झण्डाको उचाई सगरमाथा भन्दा कम छैन । साथै गाउँ घरमा प्रदर्शन गर्ने गाउँले नाच दिने मनोरञ्जन वास्वतमा रमणीय छन् । यस जातको योगदानको जति चर्चा गरेपनि कम हुन्छ ।

## राजनीतिक क्षेत्रमा योगदान

धेरै सन्थालीहरुले सामाजिक एवं सांस्कृतिक क्षेत्रमा सेवा दिएको चर्चा गरिसकेको अवस्थामा अब राजनीतिक क्षेत्रमा सन्थालका योगदानको चर्चा गरिन्छ ।

## तुर्सा हेमरम

तुर्सा हेमरमको जन्म …….. मा भएको थियो । अत्यन्त अविकसित समाजमा जन्मिएका तुर्सा हेमरम श्रद्धेय वि.पी. कोइरालाको सम्पर्कमा आएपछि नेपाली काँग्रेसको पूर्णकालीन कार्यकर्ता भएका थिए ।

धारावासी (२०६७) को अनुसार तुर्सा हेमरम जस्ता पार्टी कार्यकर्ता झापा काँग्रेसमा नमुना मानिन्थे । २००७ सालको जनक्रान्ति पश्चात् पार्टी कार्यकताृ गाउँघर पुगेका थिए । आफ्नो घरायसी काममा फुर्सद मिलाएर तुर्सा हेमरम पार्टीको संगठनात्मक काममा लागि पर्दथे । नेपाली काँग्रेसका पूर्व महासमिति सदस्य श्री पूर्णानन्द शर्मा स्मरण गर्नु हुन्छ २०१७ साल पछि तुर्सा ३ वर्ष झापा जिल्ला कारागारमा बन्दि जीवन बिताएका थिए । तीन वर्षको कठोर यातना पश्चात् जेलमुक्त तुर्सा अझ सक्रियताकासाथ पार्टीको काममा लागेको पाइन्छ । आफ्नो निजी स्वार्थ भन्दा माथि उठेका यी प्रजातान्त्रिक योद्धा प्रत्येक सन्थालका घर-घरमा पुगेका थिए ।

२०२५ साल पौष २३ मा नेपाली काँग्रेस झापा जिल्ला कमिटी पुर्नगठनका समयमा तुर्सा जिल्ला सदस्य भएका थिए (धारावासी ०६७) । पञ्चायती प्रशासनका आँखामा कसिंगर बनेका तुर्सा २०४२ सालको सत्याग्रहको समयमा पक्राउ परी जेल परेका थिए । २०४६ सालको संयुक्त आन्दोलनमा तुर्साको धेरै सक्रियता थियो । जिल्ला दौडाहा र कार्यकर्ता भेटघाटमा व्यस्त थिए यी योद्धा । प्रजातन्त्रको पुर्नस्थापना पश्चात २०४८ सालमा सम्पन्न ने.का. झापा जिल्ला अधिवेशनले तुर्सालाई जिल्ला सदस्यमा निर्वाचित गरेको थियो ।

२०४६ सालको जनआन्दोलनको तयारी चल्दै थियो, कार्तिक महिना थियो । म हनुमान मन्दिर चौकबाट उत्तर जाँदै थिए । मूलबाटो पश्चिम स्व. डा. गोपाल कोइरालाको क्लिनिक थियो । म प्रायजसो त्यहाँ निस्कने गर्दथे। हाम्रो भोजपुरे नातो थियो । त्यहाँ ५/७ व्यक्ति देखेँ । श्रद्धेय पूर्णानन्द सर, घनसश्याम रिजाल, अन्य अरु ४,५ जनाजति गफगाफमा मस्त थिए । पूर्णानन्द सरले मेरो परिचय गराउने क्रममा मेरो परिचय तुर्सा हेमरमसँग भएको थियो । लगभग १० मिनेट जति हेलो हाई नै मेरो पहिलो र अन्तिम भेट थियो श्रद्धेय तुर्सा हेमरमसँग । धेरै पछि म ०६०-०६१ सन्थाल सम्बन्धि लेख लेख्न सिलसिलामा मैले तुर्सालाई सम्झिए तर उहाँले यो लोक छोडी वि.पी. कोइरालाका सामीप्यमा पुगी सकेको जानकारी पाँए पूर्णानन्द सरबाट ।

धारवासी (२०६७) का अनुसार सन्थाली अगुवा मिस्त्री हेमरम, रघुनथ मुर्मू,मङ्गल हेमरम, धोधाला हेमरम, खुडुम हेमरम, नारायण टुडु, प्रधान हेमरम आदि प्रजातन्त्रवादी सन्थालले कस्टपूर्वक जेल जीवन विताएका थिए । यिनीहरुको सर्वस्वहरण भएको थियो । पञ्चायतीकालमा धेरै सन्थाली अगुवाले खेलेको प्रजातान्त्रिक भूमिका कालरात्रीरुपी शासकलाई पाच्य भएन । फलस्वरुप धेरै सन्थाल दमनमा परे । कतिले पूर्खाहरुले जोडेको थातथलो छोडेर अन्यत्र पलायन भए । सर्वस्वहरणमा परेका सन्थाली मजदुरका जीवन जिउन वाध्य भए । यही क्रममा २०१९ सलमा मास्टर भैपा टुडु प्रहरी गरिफतारीमा परे । प्रहरी हिरासतमा धेरै यातना भोग्नु पऱ्यो फलस्वरुप उनी मारिए ( धारावासी २०६७) ।

धारावासी (२०६७) लेख्छन राजाराम मुर्मू, जोहन सोरेन, गोपाल टुडु, चरण मर्डी, एसिकलाल मुर्मू, सुकुल किस्कु, चुडा हेमरम ७ वर्षभन्दा धेरै छिमेकी मुलूक भातमा निर्वासनमा रहनु पऱ्यो । उनिहरुका जग्गा जमिन सबै सर्वस्वहरण भयो । सुपल सन्थालको सम्पुर्ण सम्पत्ति जफत भयो ।

३-७ वर्षसम्म निर्वासनमा बस्नेहरुमा गोपाल हास्दा, किस्टु हेमरम, मंगल हास्दा, किष्टु हेमरम, मंगल हास्दा, लुथ्रो हेमरम, जुगा सोरेन, हनुमान मर्दी छन् (धारावासी, २०६७) । धारावासी का अनुसार सुरेश वास्की, मुन्समी मुर्मू, बावुलाल टुडु, चेर्खा टुडु, छोड्गा टुडु, लाखिराम टुडु ती वर्षभन्दा बढी समयसम्म जेल बसेका थिए साथै नारायण सोरेन केही समय जेल बसेका थिए । आर्थिक अवस्था समाप्त पारिएका सिष्टु सोरेन,लखाई सोरेन र मोहीपानी हकबाट बेदखल गरिएमा जीवन मुर्मू, भूमि मुर्मू र आडी हुन् ।

यसरी सन्थाल जाति प्रजातन्त्र प्रेमी थिए । २०१७ सालको कालो काण्डपछि सन्थालले प्रजातन्त्र पुर्नस्थापनाका लागि धेरै योगदान दिएको पाइन्छ ।

## भुजुलाल टुडु, गौरीगञ्ज-२ तुलाचन

भुजुलाल टुडुको जन्म २०१० सालमा गौरीगञ्ज-२ तुलाचन (तत्कालीन कोरोबारी) मा भएको थियो । यिनका पिता बाँया टुडु अर्काको जमिन अधिया लिएर ठेक्कामा खेती गर्दथे । बाल्यकाल टटुवामारीमा वित्यो । पठन-पाठन टटुवामारीमा प्रारम्भ भयो , त्यसपछि २००८ मा स्थापित गौरीजञ्ज स्कुलमा कक्षा ४ सम्म अध्ययन पश्चात २०२४ पश्चिम वंगाल भारतमा अध्ययन गरे र पुनः कक्षा ७ देखि गौरीज स्कूलमा अध्ययन गरे । २०३३ सालमा एस.एल.सी. को परीक्षा दमक केन्द्रमा दिएको उनि बताउछन् । केही समय तुलाचन प्रा.वि. मा पठन-पाठन गराएका टूडुलाई धेरैले मास्टर भन्दछन् । उनका हजुरबुबा भुजू टुडु हुन जो असाध्यै मेहनती भएको भुजूलाल बताउछन् । हजुरबुवाको नामबाट नातिको नाम राख्ने चलन अनुसार भुजुलाल भएको उनि आफै बताउछन् । हजुरबुवाहरु तीन भाइ थिए । जंगलामूलुकमा उनिहरुले प्रशान्त जग्गा फडानी गरे । तुलाचन बचार दक्षिण लालमाटीमा प्रशस्त जमिन फाँडेका थिए । दिङ्गाधाप, धरमपुरमा ३ हजुरबुवाहले वडो मेहनतकासाथ जंगल फडानी गरे । सन्थाल वस्ती बस्यो । तुलाचनमा समेत ठूलो सन्थाल वस्ति थियो । भुजूलालका हजुरबुवाको मृत्यु पश्चात वायाँ टुडुलाई परिवार व्यवस्थापन गर्न कठिनाइ पऱ्यो । वायाँ टुडु मूलत सोझा साधा थिए , खेती किसानी गर्थे । जग्गा जमिनको मतलव थिएन । २०२१ सालको जग्गा नापीका समय केही सन्थालले मात्र आफ्ना नाममा जग्गा दर्ता गराउन सके । विडम्वना आँफैले फडानी गरेको जमिन वायाँ टुडुको दर्ता गराउन सकेनन् । यसबारे भुजूलाल भन्छन् “हामी साना थियौं , हाम्रो जग्गा नाप्ने दिन बुवा गौरीगञ्ज बजार गएका कारण अर्केले नापी दियो । पछि धनीपूर्जा आउँदा बुबाको नाम त मोही कलममा उल्लेख थियो । भएको के रहेछ भने सिमानाको छिमेकीले आफ्नो जग्गा भनेर जमिन नापेछ र कस्ले जोत्छ भन्दा वायाँ टुडु भनि दिएछ । ४/५ वर्ष पछि धनिपूर्जा हेदौ बायाँ टुडुका परिवारलाई सपना जस्तो भएको भुजूलाल बताउछन् । हजुरबुवाले फडानी गरे । केही वर्ष भोगचलन गरेपछि उनको मृत्यु भयो। बाँया टुडुले नपाउन सकेनन् र मोहीको रुपमा रहन पुगे । तर सन्थाल समुदायमा भुजूलाल अगुवा निस्किए । केही समय शिक्षक बने, समाजसँग परिचित भए ।

भुजूलाल टूडुको जीवनमा २०४६ पछि गुणात्मक परिवर्तन भएको पाइन्छ । कुनै गैरसरकारी संस्थाले भुजुलाललाई मानव अधिकार अन्तर्गत मजदूर व्यवस्थापन सम्बन्धि तालिम दियो । प्रथम पटक तालिम विराटनगर र दोस्रो पटक मिर्चैयामा भएको यिनी सम्झन्छन् । तालिमको मुख्य उद्देश्य तल्लो वर्गका महिलालाई सशक्तिकरण गर्नु थियो । पुरुष मजदुरको तुलनामा महिलाको ज्याला कम हुन्थ्यो । महिला चुपचाप थिए । मालिक शोषमा व्यस्त थिए । तर तालिमका दौरान सहजकर्ता पो प्रथा गलत बताए । समान काम, समान वेतन हुनुर्पछ भन्दै सहजकर्ता सबैलाई सचेत गराए । भुजूलाल चकित भए ।

उनका गाउँमा प्रशस्त सन्थाली महिला मजदूर थिए । उनले यो कुरा गाउँमा उठाए र व्यवहारमा लैजान पहल गरे। पहिले निकै कठिनाई भयो । सामान्य खेती किसान समेत मजदूर लगाउथे । कृषि कर्मका घाटा हुने भन्दै केही खेतीवालाले विरोध गरे तर क्रमशः अब मिल्दै गएको भुजूलाल बताउछन् । यसबारे भुजूलाल बताउछन् -“महिला र पुरुष बरावरी विउ काड्छन् तर पुरुषले धेरै ज्याला पाउँछ यो महिला विरुद्ध ठूलो विवेध हो ।” साधा जीवन उच्च विचार वोकेका भुजूलाल टुडू हाल मोही वापत पाएको जग्गामा खेती कर्म गरेर बसेका छन् ।

फुलकुमारी हेमरमका अनुसार हल्दिबारी निवासी स्व. ओविलाल हेमरम सरकारी विद्यालयमा लामो समयसम्म शिक्षण कार्यमा संलग्न हुनुका साथै धेरै सन्थालहरुलाई पढ्न प्रेरणा दिएका थिए । स्व. ओविरामले हल्दीबारी क्षेत्रका विकास निर्माण कार्यमा समेत नेतृत्वदायी भूमिका निर्वाह गरेका थिए ।

भुपेश मार्दीले त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर गरी क्याम्पसमा अंग्रेजी विषय प्राध्यापनरत छन् । फुलकुमारी हेमरम राष्ट्रिय एकता आधारभूत विद्यालयका सन्थाली भाषा शिक्षण गरेकी छन् । साना मसिना सन्थाली नानीहरुलाई मूलधारको शिक्षामा समाहित गरी फूल कुमारीले शिक्षा सेवा गरिरहेकी छिन् ।

यसैगरी बाडाराम हेमरम, डिबीलाल मर्डी, तलु वास्के , लक्ष्मण मर्दी , शुकलाल हास्दा, रुपा मुर्मू , सुन्दर वेसरा आदिले सफल शिक्षक भएका छन् ।

झापा गाउँपालिका निवासी विश्वदिप बेसरा नेपाल सरकारको उपसचिव पदममा कार्यरत छन् । यसैगरी दिलीप बास्के (बाहृदशी गा.पा. निवासी), नेपाल सरकार अन्तर्गतको आदिवासी उत्थान राष्ट्रिय प्रतिष्ठान काठमाण्डौमा कार्यरत छन् । दिलीप सर आदीवासी उत्थान क्षेत्रमा अहोरात्र लाग्ने एक योद्धा भएको झापा गा.पा. निवासी सुन्दर वेसरा बताउछन् ।

धरमपुर निवासी बावुलाल मर्दी समाज अगुवाका रुपमा परिचित छन् । धरमपुर निवासी दिलीप मर्दी लगायत केही युवा सुरक्षा निकायमा संलग्न भएर देशको सेवामा लागेका छन् । उर्लाबारी-८ कदामधुटूका देवनारायण सोरेन नेपाल विद्युत प्राधिकरणमा कार्यरत छन् । यिनका अतिरिक्त सुभद्रा किस्कु, सुनामनी हास्दा, वर्षा टुडु, सुनिता सोरेन, फुलमनी मुर्मु, सविता मुर्मु    आदि ।

संविधानसभा सदस्य माननीय मोहन टुडुले गणतान्त्रिक नेपालको संविधान निर्माणका महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । वर्तमान प्रतिनिधि सभा सदस्यका रुपमा माननीय सोनु मुर्मु विद्यमान हुनुहुन्छ । रानी मुर्मु वर्तमान कार्यपालिकाका सदस्यका रुपमा हुनुहुन्छ भने जेठा मुर्मुले एक कार्यकाल जनप्रतिनिधिका रुपमा सेवा दिइसकेका छन् ।

## निष्कर्श

माथि उल्लेखित व्याख्या, विश्लेषणले सन्थाली झापा, मोरङ, सुनसरी क्षेत्रका धरतीपुत्र हुन भन्ने प्रमाणित गरेको छ । जङ्गल फडानी गरी उब्जाउ भूमि बनाउन सन्थालले धेरै पसिना बगाएका थिए । कृषि कर्मका साथै अन्य क्षेत्रका आर्थिक गतिविधिमा यीनको धेरै ठूलो योगदान छ । सिधा सोझा यिनका विशेषता छन् । कर्म प्रधान हो प्रकृतिका पुजारी सन्थाल झैंझगडा आदि कार्यमा भेटिदैनन् । आफ्नो बोली पूरा गर्ने सन्थाली परम्परा हो । विदु चन्दनका आर्शीवाद प्राप्त सन्थाल जातिका गौरवमय गाथा छन् । ती सबेको रक्षा गर्नु नेपाल सरकारको दायित्व हो ।

## सन्दर्भ सामग्री

भट्टराई, उत्तमप्रसाद (२०६७) सतार जातिको परिचय । गोविन्दराज भट्टराई सम्पादित *झापा दिगदर्शन* पृष्ट संख्या ६११-६४२ ।  ओरिएन्टल पब्लिकेशन ।

धारावासी, कृष्ण (२०६७) सतार जातिको परिचय । गोविन्दराज भट्टराई सम्पादित *झापा दिगदर्शन* पृष्ट संख्या ३२५-३३९ ।  ओरिएन्टल पब्लिकेशन ।

माननीय उमाकान्त गौतम सँगको वार्ता

भुजुलाल टुडुसँगको वार्ता

बुद्धिलाल सोरेनसँगको वार्ता

फुलकुमारी हेमरम सँगको वार्ता

मुन्सी हेमरमसँगको वार्ता